# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ काठमाडौं ।

## ट्याङ्करको खानेपानी आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको ३० दिने सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०७७/४/१ गते)**

**सूचना नं १/०७७/०७८**

यस संस्थानको केन्द्रीय कार्यालय का.म.न.पा. २२ धर्मपथ काठमाडौंको लागि १२,००० लि. ट्याङ्करको शुद्ध र सफा खानेपानी मासिक करिब १२ ट्याङ्कर आवश्यक पर्ने हुँदा तपसिलमा उल्लेख गरिए अनुसार प्रक्रिया पुऱ्याई आ.व.०७७/०७८ को लागि संस्थानलाई खानेपानी उपलब्ध गराउन इच्छुक भ्याट वा प्यानमा दर्ता भएका व्यक्ति, फर्म वा संघ संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र रीतपूर्वक सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. बोलपत्रदाताले आफूले उपलब्ध गराउने १२,००० लि. ट्याङ्करको पानीको प्रति ट्याङ्कर के कति दरमा उपलब्ध गराउन सक्ने हो सो स्पष्ट रूपले अक्षर र अङ्कमा उल्लेख गर्नुपर्नेछ । अङ्क उल्लेख गरिएको अस्पष्ट भएमा वा फरक परेमा अक्षरमा उल्लेख गरिएको मूल्यलाई मान्यता दिइनेछ । स्वीकृत टेन्डर दाताले संस्थानको माग अनुसार तत्काल पानीको आपूर्ति गरिदिनुपर्नेछ ।

२. सिलबन्दी बोलपत्र फाराम रु.१,०००।– तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फाराम भरी पेस गरेको सिलबन्दी बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

३. बोलपत्रदाता भ्याट तथा प्यानमा दर्ता भएको, सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको इजाजतपत्र, कर चुक्ताको प्रमाणपत्र र कम्पनी प्रमुखको नागरिकताको प्रमाणपत्रको आफैंले प्रमाणित फोटोकपिसहित सिलबन्दी बोलपत्र फाराम सहीछाप गरी लाहाछाप लगाइ पेस गर्नुपर्नेछ ।

४ सिलबन्दी बोलपत्र दिंदा सिलबन्दी बोलपत्रमा **ट्याङ्करको खानेपानी आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र** भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं नामले सम्बोधन गर्नुपर्नेछ ।

५. सिलबन्दी बोलपत्रदाताले रु.४०,०००।– (चालीस हजार रुपैयाँ मात्र) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त क श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तिमा १२० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

६. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिन अर्थात् २०७७।४।३१ गते दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिनेछैन ।

७. प्राप्त भएका सिलबन्दी बोलपत्रहरू अन्तिम दिनको ४:०० बजे संस्थान भवनमा खोलिने छ यदि उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्यसम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. आफूले उल्लेख गरेको मासिक वा वार्षिक रकम भ्याटबाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । उक्त सम्बन्धमा उल्लेख नभएमा उल्लेखित रकम भ्याटबाहेक भनी बुझिनेछ ।

११. स्वीकृत सिलबन्दी बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा नबुझाएमा संस्थानले सम्झौता तोडी कार्यसम्पादन जमानतबापतको रकम जफत गर्नेछ ।

१२. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**गोरखापत्र संस्थान**
**सामान्य प्रशासन शाखा**
**फोन नं. ४२२३०७८**